# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## जस्पुर,प्यूठान
### लुम्बिनी प्रदेश, नेपाल

मो: ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail { info@mandavimun.gov.np
mandavimun2073@gmail.com


## करार सेवामा शिक्षक पदपूर्तिका लागि दरखास्त आव्हानको सूचना।

दोश्रो पटक प्रकाशित मिति: २०८१/०३/१४

माण्डवी गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयहरुमा रिक्त रहेको तपशिल बमोजिमको शिक्षक पदमा खुल्ला प्रतियोगितात्मक लिखित परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नका लागि यस कार्यालयबाट मिति २०८१/०१/१० गते प्रकाशित गणित विषयको विज्ञापनमा पर्याप्त मात्रामा दरखास्त नपरेको र मिति २०८१/०२/२९ गते प्रकाशित विज्ञान विषयको विज्ञापनमा कुनै पनि दरखास्त नपरेकोले पुनः दोश्रो पटक दरखास्त आव्हान गरिएको छ। योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रही सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र यस गाउँ कार्यपालिकाको कार्यालयमा रितपुर्वक दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फारम यस कार्यालयको वेबसाइट **www.mandavimun.gov.np** बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन।

**तपशिल**

**१. पदको विवरण**

| क्र स. | विज्ञापन नं. | पद | तह | विषय | पद संख्या | परीक्षा दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| ०१ | १६/०८०/८१ | गा.पा अनुदान शिक्षक | नि.मा.वि. | गणित | १ (एक) | ७००/- |
| ०१ | १८/०८०/८१ | गा.पा अनुदान शिक्षक | नि.मा.वि. | विज्ञान | १ (एक) | ७००/- |

**२.आवश्यक न्युनतम शैक्षिक योग्यता**

**गणित विषय:** नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको।

**विज्ञान विषय:** : नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषय लिई कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको।

**३. आवश्यक कागजात:**

(क) नेपाली नागरिकताको प्रमाण पत्र.

(ख) हालसालै खिचिएको पासपोर्ट साइजको ३ प्रति फोटो

(ग) शैक्षिक योग्यताको प्रमाण पत्र

(घ) अध्यापन अनुमति पत्र

ङ) दरखास्त दस्तुर बुझाएको नगदी रसिद, उल्लेखित प्रमाण-पत्रका प्रतिलिपिहरू १ प्रति स्वयंम प्रमाणित गरि दरखास्त साथ यस गाउँपालिकाको कार्यालयमा उपस्थित भई पेश गर्न सकिनेछ।

**४. परीक्षाको किसिम**: लिखित र अन्तर्वार्ता ।

**५. दरखास्त दिने अन्तिम मिति**: २०८१/०३/२० गते सम्म सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन।

**६.परीक्षा मिति** : पछि प्रकाशन गरिनेछ।

**७. उमेरको हद:** दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

**८. तलबं स्केल:** गाउँपालिकाको नियम अनुसार।

**९. करार अवधि** :२०८१ पौष मसान्त सम्म।

**१०. थप जानकारीको लागि सम्पर्क नं** :९८५७८३६००६ मा सम्पर्क गर्न सक्नुहुनेछ।

२०८१/०३/१४

............
प्रकाश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

"समाजवादको आधार निशुल्क शिक्षा, स्वास्थ्य र रोजगार माण्डवी वासीको मौलिक अधिकार"